राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

प्रेस नोट
(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ असोज १५ गते

## ज्येष्ठ नागरिकको सीप, ज्ञान र अनुभवलाई उपयोग गर्न आवश्यक

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले देशको विकास ज्येष्ठ नागरिकको सीप, ज्ञान र अनुभवलाई नयाँ पुस्ताले भरभूर उपयोग गर्ने व्यवस्था मिलाउन आवश्यक भएको बताउनुभएको छ ।

राजधानीमा आयोजित 'ज्येष्ठ नागरिकको अधिकार' विषयक राष्ट्रिय कार्यशालामा प्रमुख अतिथिको आसनबाट बोल्दै क्रममा उहाँले उक्त धारणा अघि सार्नुभएको हो ।

उहाँले ज्येष्ठ नागरिकलाई घरपरिवारले उचित स्याहर-सुसार र माया-ममता दिन सके नयाँ पुस्ताले उनीहरुबाट जीवनोपयोगी सीप, ज्ञान र अनुभव प्राप्त गर्नसक्ने बताउनुभयो ।

उहाँले समयको बदलिंदो प्रवाहसंगै ज्येष्ठ नागरिकसंग सम्बन्धित थुप्रै समस्या देखा पर्न थालको र यी समस्या सरकार एक्लैले समाधान गर्न नसक्ने भएकोले यसमा सवै सहयोग र साथ आवश्यक रहेको धारणा अघि सार्नुभयो ।

कार्यशालामा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले ज्येष्ठ नागरिकको हकअधिकारका विषयमा अन्तर्राष्ट्रियस्तरमा भएका राम्रा र उपयोगी प्रावधानहरुलाई नेपालमा लागू गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले यसलाई लागू गर्ने क्रममा विविध समस्या देखाइन्छ तर इच्छाशक्ति भएमा विदेशका राम्रा र उपयोगी प्रावधानहरुलाई सजिलै लागू गर्न सकिने विचार व्यक्त गर्नुभयो ।

उहाँले 'ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३' र 'ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६३' मा आवश्यकसरोकारवाला निकायहरुसँग परामर्श गरिएको र मानव अधिकारका दृष्टिले सुधार गर्नुपर्ने पक्षहरुबारे सरकारलाई सिफारिश गर्ने निर्णय गरिएको बताउनुभयो ।

त्यस अवसरमा बोल्दै महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव पद्मराज भट्टले ज्येष्ठ नागरिकको स्वास्थ्योपचारलाई ध्यानमा राखेर भरतपुर, पाटन र कीर्तिपुर विशेष वार्डको व्यवस्था गरिएको र यसले देशैभरि विस्तार गर्ने योजना रहेको जानकारी दिनुभयो ।

उहाँले ज्येष्ठ नागरिकको उपचारका लागि वार्षिक चार हजार रुपियाँ आर्थिक सहयोगको व्यवस्था गरिएको भए पनि यस व्यवस्थाको धैरैले जानकारी नपाएको बताउनुभयो ।

उहाँले ज्येष्ठ नागरिकको अवस्थाबारे आँकडा संकलन गर्ने हेतुले यसै वर्षदेखि सर्वेक्षण कार्यक्रम सञ्चलान गर्ने योजना रहेको जानकारी दिनुभयो ।

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

प.सं.
च. नं.

कार्यक्रममा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सामाजिक सुरक्षा प्रमुख सूर्यप्रसाद श्रेष्ठले ज्येष्ठ नागरिकलाई प्रत्येक महिना प्रदान गरिने भत्ता कतिपय गाविसमा गाविस सचिवको बदमाशीका कारण लक्षित वर्गको हातमा नपरेको देखिएकोले यसलाई गर्ने दिशामा आफूहरु सचेत रहेको बताउनुभयो ।

श्रेष्ठले नेपालमा खोलिएका बृद्धाश्रम उचित मापदण्डविना नै चलेको बताउँदै बालबालिका तथा समाज कल्याण मन्त्रालयले बृद्धाश्रम सञ्चालनसम्बन्धी मापदण्ड तयार गर्न लागेको बताउनुभयो ।

सो अवसरमा बोल्दै राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका नवनिर्वाचित अध्यक्ष तथा राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य डा. गौरीशंकरलाल दासले नेपालमा ज्येष्ठ नागरिकको हक-अधिकारबारे आवाज उठ्दै गएको तर यसले सन्तोषजनक उपलब्धी हाँसिल गर्न थुप्रै काम गर्न बाँकी रहेको बताउनुभयो ।

कार्यशालामा अवधारणपत्र प्रस्तुत गर्दै राष्ट्रिय मानव अधिकार आयोगका सामूहिक अधिकार महाशाखाका प्रमुख सूर्यबहादुर देउजाले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजले गरेको व्यवस्थाको चर्चा गर्दै आयोगद्वारा ज्येष्ठ नागरिकको अधिकार संरक्षण र सम्वर्द्धनका सम्बन्धमा भएका पहल विवरण प्रस्तुत गर्नुभएको थियो ।

कार्यशाला शुरु हुनुभन्दा अघि नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रभातफेरी शुरु गरेर घण्टाघर, शान्तिबालिका, दरबार स्क्वायर हुँदै नेपाल प्रज्ञा प्रतिष्ठानमा अन्य भएको थियो । प्रभातफेरीमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्री बद्रीप्रसाद न्यौपाने, राष्ट्रिय मानव अधिकार आयोग सदस्य रामनगिना सिंह, आयोगका कर्मचारी, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका पदाधिकारीलगायतका महानुभावहरुको उपस्थिति रहेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र राष्ट्रिय ज्येष्ठ नागरिक महासंघले संयुक्त रुपमा कार्यक्रम आयोजना गरेको थियो ।

...............
(विशाल खनाल)
सचिव